नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७ मितिः- २०७६/१२/०९
चलानी नं.:- ३६२

विषयः- कोरोनाभाइरस रोग (कोभिड - १९) सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी आवश्यक व्यवस्था गर्ने सम्बन्धमा।

श्री श्री स्थानीय तहहरु, (सबै) ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई, स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको प.सं. ०७६/०७७, च.नं. ४६९/ HEOC, मिति २०७६/१२/०२ को कोरोनाभाइरस रोग (कोभिड - १९) सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी आवश्यक व्यवस्था गर्ने सम्बन्धी प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाट अवगत गर्नुभई आवश्यक सहयोग र समन्वयको लागि आदेशानुसार अनुरोध छ।

............
चिरन्जीवी नेपाल
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई, स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई
Health Emergency and Disaster Management Unit (HEDMU)
स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र,
Health Emergency Operation Center (HEOC)
फोन ०१-४२५०८४५
फ्याक्स ०१-४२५०८४२
रामशाहपथ, काठमाडौं
वेबसाइटः heoc.mohp.gov.np, फेसबुकः fb.com/HEOCMoHP

पत्र संख्याः ०७६/७७
च.नं. ४६९।HEOC

मितिः २०७६/१२/०२

**बिषयः कोरोनाभाइरस रोग (कोभिड - १९) सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी आवश्यक व्यवस्था गर्न स्थानीय तहहरुलाई पत्राचार गरिदिने बारे ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

चीनको वुहानबाट फैलिएको कोरोना भाईरस रोगको संक्रमण विश्वका विभिन्न मुलुकमा फैलदो क्रममा रहेको र आजको मिति सम्ममा पाँचहजार भन्दा बढी मानिसहरुको मृत्यु भईसकेको परिप्रेक्ष्यमा नेपालमा यसको संक्रमण भित्रन र फैलन नदिन तथा संकास्पद व्यक्तिहरुको निगरानी र उपचारको व्यवस्था समेत मिलाउनका लागि प्रत्येक स्थानीय तहमा देहायबमोजिमको स्थानीय समन्वय समितिको गठन गर्ने/गराउने व्यवस्था मिलाउनका लागि सबै स्थानीय तहहरुलाई मिति २०७६/११/२८ मा परिपत्र गरिदिनुहुन भनी अनुरोध गरिएकोमा पत्रको विषयवस्तुमा केही परिमार्जन गरिएको हुँदा तपसिल अनुसारको परिमार्जित व्यहोरा अनुरुप पुन परिपत्र गरिदिनुहुन अनुरोध छ ।

**(क) प्रत्येक वडामा कम्तीमा एक वटा र बढीमा आवश्यक्ता बमोजिम देहायबमोजिमको समन्वय समिति गठन गर्ने :-**

| | |
|---|---|
| १. सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि | - संयोजक |
| २. सम्बन्धित वडाका जनप्रतिनिधिहरु | - सदस्य |
| ३. सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रतिनिधि | - सदस्य |
| ४. सम्बन्धित वडामा रहेका विद्यालयका प्रधानाध्यापक | - सदस्य |
| ५. स्थानीय समाजसेवीहरु मध्येबाट वडाले मनोनयन गरेका पाँचजना | - सदस्य |
| ६. सम्बन्धित वडा कार्यालयको सचिव | - सदस्य-सचिव |

**(ख) प्रत्येक स्थानीय तहमा देहायबमोजिमको समन्वय समिति गठन गर्ने :-**

| | |
|---|---|
| १. सम्बन्धित स्थानीय तहको प्रमुख | - संयोजक |
| २. सम्बन्धित स्थानीय तहको उपप्रमुख | - सहसंयोजक |
| ३. सबै वडा अध्यक्षहरु | - सदस्य |
| ४. कार्यपालिकाका सदस्यहरु | - सदस्य |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई
Health Emergency and Disaster Management Unit (HEDMU)
स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र
Health Emergency Operation Center (HEOC)

फोन ०१-४२५०८४५
फ्याक्स ०१-४२५०८४२
रामशाहपथ ,काठमाडौं
वेबसाइटः heoc.mohp.gov.np, फेसबुकः fb.com/HEOCMoHP

पत्र संख्याः ०७६/७७
च.नं. ४६३।HEOC

५. स्थानीय तहभित्र रहेका सबै स्वास्थ्य संस्थाका प्रमुख - सदस्य
६. स्थानीय समाजसेवीहरु मध्येबाट कार्यपालिकाबाट मनोनित पाँचजना - सदस्य
७. सम्बन्धित स्थानिय तहको रेडक्रसको प्रतिनिधि - सदस्य
८. सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक - सदस्य-सचिव

**(ग) वडास्तरको स्थानीय समन्वय समितिको कार्यविवरण (TOR)**

१. स्वास्थ्यकर्मी र महिलास्वास्थ्य स्वयम् सेविकाहरूलाई परिचालन गरी कोरोनाभाइरस रोग (कोभिड-१९) को निम्न मुख्य लक्षणहरू र बच्ने उपायबारे आम नागरिकलाई सुसूचित गराउने । यस्ता लक्षणहरू देखिएका व्यक्तिहरूको निगरानी गर्ने/गर्न लगाउने र लक्षण देखिएको खण्डमा स्वास्थ्य संस्थामा तुरून्त सम्पर्क गर्न सुझाव दिने ।

**कोरोनाभाइरस रोग (कोभिड-१९) का मुख्य लक्षणहरू**

क) १००.४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउनु
ख) खोकी लाग्नु
ग) सास फेर्न गाह्रो हुनु

**कोरोनाभाइरस रोग (कोभिड-१९) को सङ्क्रमणबाट कसरी बच्ने र बचाउने**

क) नियमित रूपमा हरेक पटक कम्तिमा २० सेकेन्डसम्म साबुन पानीले हात धुने ।
ख) फोहोर हातले मुख/आँखा/नाक नछुने ।
ग) ज्वरो सहित खोकीको लक्षण भएका व्यक्तिहरूको नजिकको सम्पर्कबाट टाढा बस्ने ।
घ) खोक्दा र हाच्छिँउ गर्दा नाक र मुखलाई हात वा कुहिनाले छोप्ने । तत्पश्चात हात साबुन पानीले तुरुन्त धुने ।
ङ) ज्वरो सहित खोकीको लक्षण देखिएमा स्वास्थ्य संस्थामा जाने र स्वास्थ्यकर्मीसंग परामर्श लिने
च) माछा, मासु र अण्डा राम्रोसँग पकाएर मात्र खाने ।

२. कोभिड-१९ प्रभावित देशहरूबाट आउने व्यक्तिहरुमा सङ्क्रमण हुन सक्ने भएको हुँदा प्रवेश नाकाहरूमा संचालित हेल्थ डेस्कको अनुगमन गर्ने साथै ती देशहरुबाट आउने व्यक्तिहरुको निगरानी गर्ने व्यवस्था गर्ने/गराउने ।

३. कोभिड-१९ प्रभावित देशहरूबाट यात्रा गरी आएका व्यक्तिहरू र कोभिड-१९ बाट सङ्क्रमित भएका व्यक्तिहरुको नजिकको सम्पर्कमा आएका व्यक्तिहरु (नेपालमा कोभिड-१९ सङ्क्रमण फैलिएको अवस्थामा)ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेअनुसारको सेल्फ क्वारेन्टाइनमा १४ दिनसम्म बसी तोकिएका नियमहरु पालना गरे नगरेको नियमन गर्ने ।

**(अनुसूची १)**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं